संघीय संसद

राष्ट्रिय सभा

अठारौं अधिवेशन

बैठक-४२

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

२०८२ भदौ १६ गते सोमवार

*बैठक प्रारम्भ ३:२६ बजे*
*बैठक स्थगित ४:१६ बजे*

---

संघीय संसद, राष्ट्रिय सभाको अठारौं अधिवेशनको बयालिसौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न ३:२६ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले आकस्मिक समयमा बोल्नका लागि माननीय सदस्य **पदम बहादुर परियार**लाई समय उपलब्ध गराउनुभयो।

**माननीय सदस्य पदम बहादुर परियारले** बैतडी जिल्ला डिलासैनी निवासी १४ वर्षीय किरण कोलीको श्रावण १७ गते करेन्ट लागेर मृत्यु भएको घटनाको सन्दर्भमा परिवारले दिएको जाहेरी दर्खास्त दर्ता नगराएको विषयमा सत्यतथ्य छानविन गरी दोषीलाई कारवाही गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय सदस्य गोमा देवी तिमल्सिनाले** वर्षा याममा सडक यात्रा असुरक्षित रहेको जिकिर गर्नुभयो।

**माननीय सदस्य नर बहादुर विष्टले** भिजिट भिसाको माध्यमबाट ४० हजार महिलाहरूलाई कुवेतमा लगेर बेचिएको समाचार आएकाले यसको सत्य जानकारी दिन सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य नारायण दत्त मिश्रले** कैलाली जिल्ला धनगढी नजिकै खुटिया नदिमा पौडी खेल्ने क्रममा ४ जनाको एक साथ डुबेर मृत्यु भएकोले यस्ता नदिहरूमा पौडी नखेल्ने विषयमा जनचेतना जगाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य भुवन बहादुर सुनारले** सरकारसँग विद्यालय शिक्षा विधेयक सदनमा नल्याउनुको कारण वारे जवाफ दिन माग गर्नुभयो।

**माननीय सदस्य मदन कुमारी शाह (गरिमा**)ले छाउपडी प्रथाका कारण महिलाले अकालमै ज्यान गुमाउनु परेकोले यो प्रथा जरैदेखि उखेलेर फ्याल्ने प्रथाको सुरुवात गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरेले** लुम्बिनी प्रदेश सभाका माननीय सरिता पुन मगरको ३२ वर्षमा भएको दुःखद निधन प्रति श्रद्धाञ्जली व्यक्त गर्नुभयो।

**माननीय सदस्य सुरेश कुमार आलेमगरले** पुतलीसडक डिल्ली बजार हुँदै मैतिदेवी मार्गलाई दुईतर्फी रुपमा सञ्चालन गराउन सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्रको देहायबमोजिमको व्यहोरा जानकारी गराउनुभयो।

"सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली सम्वत् २०८२ साल भदौ १४ गते शनिबार चीनको तियन्जिन शहरमा आयोजना हुने साङ्घाई सहयोग सङ्गठन (साङ्घाई कोअपरेसन अर्गनाइजेसन — (एस सी ओ) को २५ औं शिखर सम्मेलन तथा चीनको बेइजिङ शहरमा आयोजना हुने एटिन्थ कोमेमोरेसन अफ द भिक्टरी अफ द चाइनिज पिपल्स वार अफ रेसिस्टेन्स एगेन्स्ट जाप्निज एग्रेसन एण्ड द वर्ल्ड एण्टी फासिस्ट वार विषयक कार्यक्रममा सहभागी हुन त्यसतर्फ प्रस्थान गर्नु हुने भएकोले वहाँले अनुपस्थितिमा प्रधानमन्त्रीले गर्नुहुने दैनिक प्रशासनिक कार्य नेपालको संविधान बमोजिम सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा माननीय उपप्रधानमन्त्री एवम् शहरी विकास मन्त्री प्रकाशमान सिंहले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा सादर अनुरोध गर्दछु।

(डा. दिपक काफ्ले)
सचिव
२०८२ भदौ १३ गते"

त्यसपछि, सम्माननीय अध्यक्षले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्रहरुको देहायबमोजिमको व्यहोरा क्रमशः जानकारी गराउनुभयो।

**क.** "माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री रघुजी पन्त चीनको तियन्जिन शहरमा आयोजना हुने साङ्घाई सहयोग सङ्गठन (साङ्घाई कोअपरेसन अर्गनाइजेसन — एस सी ओ) को २५ औं शिखर सम्मेलन तथा चीनको बेइजिङ शहरमा आयोजना हुने एटिन्थ कोमेमोरेसन अफ द भिक्टरी अफ थ चाइनिज पिपल्स वार अफ रेसिस्टेन्स एगेन्स्ट जाप्निज एग्रेसन एण्ड द वर्ल्ड एण्टी फासिस्ट वार विषयक कार्यक्रममा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वको प्रतिनिधिमण्डलमा सहभागी भई संवत् २०८२ साल भदौ १४ गते शनिबार त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

**ख.** माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डे चीनको तियन्जिन शहरमा आयोजना हुने साङ्घाई सहयोग सङ्गठन (साङ्घाई कोअपरेसन अर्गनाइजेसन — एस सी ओ) को २५ औँ शिखर सम्मेलन तथा चीनको बेइजिङ शहरमा आयोजना हुने एटिन्थ कोमेमोरेसन अफ द भिक्टरी अफ थ चाइनिज पिपल्स वार अफ रेसिस्टेन्स एगेन्स्ट जाप्निज एग्रेसन एण्ड द वर्ल्ड एण्टी फासिस्ट वार विषयक कार्यक्रममा सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीको नेतृत्वको प्रतिनिधिमण्डलमा सहभागी भई संवत् २०८२ साल भदौ १४ गते शनिवार त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(एकनारायण अर्याल)<br>
मुख्य सचिव<br>
२०८२ भदौ १३ गते"

त्यसपछि, सम्माननीय अध्यक्षले संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को नियम २५ को उपनियम (२) बमोजिम संसदीय सुनुवाई समितिमा राष्ट्रिय सभाबाट माननीय सदस्य डा. अन्जान शाक्यलाई मनोनयन गरेको वेहोरा जानकारी गराउनुहुँदा उक्त मनोनयनलाई सभाले सहमति जनायो।

त्यसपछि, सम्माननीय अध्यक्षले बैठकको कार्यसूचीको क्रम संख्या ४ मा रहेको "**संघीय निजामती सेवा विधेयक, २०८० सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन**" सभा समक्ष पेस गर्ने बिषय कार्यसूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनुभयो।

त्यसपछि, राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्यालले **"भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२"** का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देश सभा समक्ष जानकारी गराई टेबुल गर्नुभयो।

त्यसपछि, माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णुप्रसाद पौडेलले **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८१ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो।

उक्त प्रस्ताव माथिको छलफलमा देहायबमोजिमका माननीय सदस्यहरूले भाग लिनुभयो:

१. माननीय सदस्य गोपी बहादुर सार्की आछामी
२. माननीय सदस्य किरण बाबु श्रेष्ठ
३. माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा

४.   माननीय सदस्य नारायण दत्त मिश्र

५.   माननीय सदस्य विष्णु कुमारी सापकोटा

त्यसपछि, माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णुप्रसाद पौडेलले उक्त छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८१ माथि विचार गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मतिले** स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **"वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८१"** माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने व्यहोरा जानकारी गराउनुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **मिति २०८२ साल भदौ १७ गते मङ्गलबार अपराह्न १ बजेर १५ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो। ।

(पद्मप्रसाद पाण्डेय)
महासचिव